नेपाल सरकार
गृह मन्त्रालय

विषय : प्रकोप पीडितहरुलाई राहत उपलब्ध गराउने बारे ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति : २०७५।०१।२६

१. विषयको संक्षिप्त व्यहोरा :

यही २०७५ बैशाख महिनामा आगलागी, हावाहुरी, वर्षा, चट्याङ्ग, असिना, बाढी जस्ता प्रकोपका कारण तराई लगायत विभिन्न जिल्लाहरुमा धेरै जनधनको क्षति हुन पुगेको छ । विशेष गरी बैशाखको अन्तिम साता हावाहुरी र वर्षाको कारणले तराई र भित्री मधेषका जिल्लाहरुमा धेरै भौतिक क्षतिहरु हुन गएको छ । उक्त प्रकोपका कारणबाट भएको क्षतिको यथार्थ विवरण संकलन गरी पीडितहरुलाई राहत सहयोग उपलब्ध गराउने कार्य जिल्ला विपद् व्यवस्थापन समितिबाट भइरहेको छ । तर यसका बावजुद पनि राहत सहयोग तीब्र र सरल रुपमा उपलब्ध गराउन अनुरोध भइरहेको हुँदा यस सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समितिहरुलाई क्षतिको विवरण संकलन र राहत वितरणलाई सहज र शीघ्रताका साथ उपलब्ध गराउन निर्देशन दिनुपर्ने भएको छ ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा :

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद्को घटनाबाट पीडित भएका व्यक्ति वा परिवारहरुलाई राहत सहयोग उपलब्ध गराउने सम्बन्धी कानूनी व्यवस्था गरेको छ । उक्त ऐनको दफा १६ मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको प्रावधान रहेको छ । उक्त समितिले नेपाल सरकारबाट स्वीकृत मापदण्ड अनुसार राहत वितरण गर्ने गराउने व्यवस्था ऐनको दफा १६ को उपदफा १ को खण्ड (ङ) मा रहेको छ । यस सम्वन्धमा प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७४ (छैठौं संशोधन, २०७४) बमोजिम विपद्को घटनाबाट पीडितहरुलाई राहत उपलब्ध गराउने व्यवस्था रहेको । उक्त मापदण्ड अनुसार प्रकोपबाट मृत्यु भएमा प्रति मृतक रु. १,००,०००।- (एक लाख रुपैयाँ) तत्काल राहत सहयोग दिने व्यवस्था रहेको छ । विपदबाट घर, बहालको आवास नष्ट भएका वा खाद्यान्न बाली तथा जग्गा जमिन वा पसल-व्यवसाय समेत नोक्सानी भई तत्काल गुजाराको लागि खाद्यान्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यवस्थाको लागि रु. १०,०००।- (दश हजार रुपैयाँ) सम्म प्रति परिवार राहत सहयोग उपलब्ध गराउन सकिने व्यवस्था रहेको । त्यस्तै विपद्को घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्णरुपमा नष्ट भएका वा पूर्ण नष्ट नभएतापनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नुपर्ने वा विस्थापित भै सुरक्षित स्थानमा नयाँ आश्रयस्थल निर्माण गरी व्यवस्था गर्नुपर्ने अवस्थामा परिवारलाई प्रति परिवार रु. ५०,०००।- (पचास हजार रुपैयाँ) सम्म आर्थिक सहयोग जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यक छानविन गरी बैठकबाट निर्णय गराएर उपलब्ध गराउने व्यवस्था रहेको छ । सो भन्दा थप सहायता उपलब्ध गराउनु पर्ने देखिएमा जिल्ला विपद् व्यवस्थापन समितिले निर्णय गरी सिफारिश सहित अनुरोध गरेमा कार्यकारी समिति (केन्द्रीय दैवी प्रकोप उद्धार समिति) ले रु. ५०,०००।- (पचास हजार रुपैयाँ) प्रति परिवार थप रकम उपलब्ध गराउने व्यवस्था रहेको छ।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिश :

प्रकरण १ मा उल्लेख भएअनुरुप प्रकोप पीडितहरुलाई तत्काल राहत उपलब्ध गराउन आवश्यक देखिएको छ । प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७४ छैठौं संशोधन), २०७४ अनुसार पीडितहरुलाई जिल्ला विपद् व्यवस्थापन समिति मार्फत रकम उपलब्ध गराउनु पर्ने प्रावधान रहेको छ । उक्त रकम वितरण गर्नका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट केन्द्रीय विपद् व्यवस्थापन कोषमा रकम निकासा प्राप्त गर्ने र उक्त कोषबाट प्रकोप पीडित जिल्लाहरुमा रकम पठाउन आवश्यक भएकोले मन्त्रिपरिषदमा प्रस्ताव लैजान माननीय गृहमन्त्रीज्यूबाट मिति २०७५।०१।२६ गते स्वीकृती प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनुपर्ने व्यहोरा :

(क) २०७५ साल वैशाख महिना भित्र घटेका विपद्का कारण मृत्यु भएका मृतकका परिवारलाई तत्काल राहत स्वरुप रु. १,००,०००।- ( अक्षेरुपि एक लाख रुपैयाँ ) रकम उपलब्ध गराउन तथा अन्य घर (आवास) लगायत क्षतिको विवरण शीघ्र संकलन गरी क्षतिको आधारमा पीडितहरुलाई प्रकोप पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७४ (छैठौं संशोधन २०७४) बमोजिम तत्काल गुजाराको लागि रु. १०,०००।- ( अक्षेरुपि दश हजार रुपैयाँ) सम्म र क्षतिको आधारमा घरको छाना छाउन जस्तापाता, खपडा वा अन्य निर्माण सामग्रीका लागि बढीमा रु. १५,०००।- (अक्षेरुपि पन्ध्र हजार रुपैयाँ) सम्म राहत उपलब्ध गराउन प्रमुख जिल्ला अधिकारी मार्फत जिल्ला विपद् व्यवस्थापन समितिलाई निर्देशन दिने ।

(ख) विपद्का घटनाबाट पीडितहरुलाई राहत सहयोग उपलब्ध गराउने प्रयोजनका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोपबाट केन्द्रीय विपद् व्यवस्थापन कोष (साविक केन्द्रीय दैवी प्रकोप उद्धार कोष) मा एक अर्व रुपैयाँ निकासा उपलब्ध गराउने।

(प्रेम कुमार राई)
सचिव

मिति : २०७५।०१।२६

श्री सचिव,
गृह मन्त्रालय ।

प्रकोप पीडितहरूलाई राहत उपलब्ध गराउने विषयको गृह मन्त्रालयको नं. ८/१३-०७५/१/२६ को प्रस्ताव मं.प.बै.सं. ५/०७५ मिति २०७५/१/२६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु —

नेपाल सरकारको निर्णय —

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७५/१/२६